जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि परेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक ८० • २०८१ पौष २७ गते शनिवार • 11 Jan. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-



सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१


# यादवद्वारा जनमत पार्टीमाथि चर्को आक्रोश

जलेश्वरटुडे समाचारदाता
धनुषा, २६ पौष

मधेश प्रदेश सभाको बैठकमा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद यादवले सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीमाथि चर्को आक्रोश व्यक्त गरे। 'डा. सिके राउतले के आधारमा काँग्रेस र एमालेलाई भ्रष्ट पार्टी, दलाल पार्टी, कमिसन खोर पार्टी भन्नु भयो' उनले डा. सिके राउतलाइ चुनौत दिँदै भने 'काठमाडौंबाट सरकार नियन्त्रण गर्ने प्रयास भइरहेको छ।

यो सरकार सतिश सिंहको नेतृत्वमा छ, सिके राउतको होइन,' सत्ता साझेदार कांग्रेसकै नेताबाट यस्तो आरोप आउनुको पछाडि पछिल्ला घटनाक्रमहरू प्रमुख कारण बनेका छन्। जनमत पार्टीको आधिकारिक फेसबुक पेजबाट कांग्रेस र नेकपा एमालेमाथि गम्भीर आरोप लगाइएको थियो। ती आरोपहरूमा मन्त्रीहरूद्वारा मुख्यमन्त्रीको आदेश नटेर्ने, अनियमिततामा संलग्न हुने, र पुँजीगत बजेट खर्चमा बाधा पु-याएको विषय समावेश थियो। यी आरोपहरूलाई सिके राउतले विभिन्न अन्तर्वार्ताहरूमा पनि दोहोऱ्याउँदै आएका छन्। यही विषयलाई लिएर मंगलबारको प्रदेशसभा बैठकमा कांग्रेस नेता यादवले कडा शब्दमा जवाफ दिए। "आफैं गर्न नसक्ने, अनि दोष अरूलाई देखाएर गठबन्धनलाई गाली गर्ने ? यस्तो राजनीतिक संस्कार कहाँबाट आयो?" उनले प्रश्न गरे। मधेश प्रदेशमा सत्तारूढ दलहरूबीचको विवाद खुला रूपमा संसदमा पुगेको छ।

बुधबार जनमतका सचेतक चन्दन सिंहले कांग्रेस नेताहरूको आलोचनालाई पार्टीको राष्ट्रिय अध्यक्षप्रति अनादरको रूपमा व्याख्या गरे। "सत्तासाझेदार दलबाट हाम्रो अध्यक्षको नाम लिएर यस्तो हदसम्मको भाषा प्रयोग गरिन्छ भन्ने कहिल्यै सोचिएन," उनले भने। जनमत पार्टीले कांग्रेस र एमालेका शीर्ष नेताहरूलाई शरणार्थी प्रकरण र सुन तस्करीजस्ता विषय जोड्दै आरोप लगाएको छ। सरकार असफल छ भने सत्तारुढ दलहरु पनि त्यसको जिम्मेबार रहेको सचेतक सिंहको जिकिर छ। गठबन्धनभित्रको विवादले मधेश सरकारको कामकारबाहीमा समेत असर गरेको छ। चालु आर्थिक वर्षको छ महिनासम्म बजेट खर्च हुन नसक्नु प्रमुख समस्या बनेको छ। जनमत पार्टीले बजेट नखर्चिनुको दोष कांग्रेस र एमालेमाथि थोपरेको छ। मधेश सरकारले बजेट वक्तव्यको १४७ नम्बर बुँदामा आधारित खर्च मार्गदर्शन लागू गरेपछि बजेट खर्चमा अडचन आएको हो। जनमत पार्टीले अर्थमन्त्री सुनिल यादवलाई पुस पहिलो साता स्पष्टीकरण सोध्दै कांग्रेस र एमालेमाथि आरोप लगाउन थालेको थियो। तर, कांग्रेस र एमालेले जनमतले आफैं काम गर्न नसकेको भन्दै जवाफी प्रतिक्रिया दिएका छन्। कांग्रेस सांसद मो. समिमले भने, 'हाम्रो बुई चढेर सत्ताको नेतृत्व गर्ने, अनि हामीलाई लुटेरा र भ्रष्टाचारी भन्ने ? यो कहाँको राजनीतिक संस्कार हो ?' संसदीय अभ्यासमा पहिलोपटक आएको जनमत पार्टीको सरकारले खासै काम गर्न नसकेपछि गठबन्धन भित्र र बाहिर आलोचना बढेको छ। त्यस कारण जनमत पार्टीभित्र सरकार छाड्ने दबाब बढिरहेको छ। तर, आफै सरकार छाड्दा पार्टीप्रति गलत सन्देश जाने डरले जनमतले गठबन्धनलाई दोष दिने रणनीति अख्तियार गरेको बुझिन्छ। "हाम्रो सरकारले प्रभावकारी काम गर्न सकेन। कांग्रेस र एमालेले असहयोग गरे। अब गठबन्धनमा बसिरहँदा पार्टीप्रति गलत धारणा बन्नेछ," जनमतका एक सचिवालय सदस्यले भने 'त्यस कारण काँग्रेस र एमालेले गरेको षड्यन्त्र र असहयोगको बारे खुलेर बोलौं भन्ने छ। बरु ती दलहरुले सरकार ढाल्छ भने ढालोस्।'



# स्वास्थ्य जाँचको लागी Video X–ray सेवा सँचालन

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २६ पौष

एकडारा गाउँ पालिकाको एकडारा स्वास्थ्य चौकिमा गर्भवती महिला तथा शिशुहरुको स्वास्थ्य जांचको लागी Video X–ray सेवा सँचालन उदघाटन समारोह कार्यक्रम समपन्न भएको छ।

महोत्तरी जिल्लाको एकडारा गाउपालिकामा गर्भवती महिला तथा शिशु जाँचका लागि USG (भिडियो एक्स-रे) संचालन उद्घाटन समारोह तथा स्वास्थ्य संस्था प्रमुखहरुलाई ल्यापटप वितरण गरिएको छ। सो कार्यक्रममा ५ ओटै वडाका स्वास्थ प्रमुखहरुलाई ल्यापटप बितरण गरिएको थियो।



कार्यक्रमको अध्यक्षता गाउपालिका अध्यक्ष दिप नारायण मण्डलले गर्नु भएको थियो प्रमुख अतिथिको रुपमा वर्ल्ड भिजनकि महोत्तरी जिल्ला संयोजक पुजा पोखरेल मण्डल, गाउपालिका का कर्मचारीहरु,अन्य संघ संस्थाका कर्मचारीहरु तथा पत्रकार समेतको उपस्थिति रहेको थियो।

# सिंहदरबारबाट पाउने सेवाहरु आफ्नै गाउँठाउँबाट पाइरहेको:लेखी



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २६ पौष

मधेश प्रदेशका गृह सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले सङ्घीयताकै कारण जनताहरुले सिंहदरबारबाट पाउने सेवाहरु आफ्नै गाउँठाउँबाट पाइरहेको बताउनुभएको छ। महोत्तरी जिल्लाको जलेश्वरमा आमसञ्चार प्राधिकरण मधेश प्रदेशले शुक्रबार आयोजना गरेको साइबर सुरक्षा र एआइ सम्बन्धी कार्यक्रममा प्रमुख अतिथीको रुपमा उहाँले त्यस्तो बताउनुभएको हो।

उहाँले १५ वर्ष अगाडी देशको महत्वपूर्ण निकायमा महिला, मुस्लिम, मधेशीलगायतका पहुँच र प्रतिनिधित्व नरहेको अवस्थामा सङ्घीयताले नै ती पहुँच र प्रतिनिधित्व बढाएको बताउनुहुँदै सङ्घीयताको उपलब्धि रुपमा यसलाई लिन सकिने बताउनुभयो। विगतमा दोश्रो, तेस्रो दर्जाको नागरिकको रुपमा रहेकाहरुलाई समुचित पहुँच र प्रतिनिधित्व सङ्घीयताले नै सम्भव भएको बताउनुहुँदै सङ्घीयताले केही भएन भन्नु गलत भएको जिकिर गर्नुभयो। उहाँले देशलाई अगाडी बढाउन हरेक नेपाली नागरिकको जिम्मेवारी र दायित्व भएको बताउनुहुँदै सबैले आफ्नै ठाउँबाट गर्ने हो भने नेपालमा परिवर्तन सम्भव भएको बताउनुभयो। उहाँले आफू शिक्षा मन्त्री हुदाँ नै शिक्षा नीति ल्याएको सम्झिनुहुँदै मधेश सरकारको बेटी बचाउ, बेटी पढाउ अभियान अन्तर्गत नै मधेश प्रदेशमा तिनवटा विश्वविद्यालय तथा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान गठनलगायतका कामहरु भएको जानकारी दिनुभयो। उहाँले नेपाल पत्रकार महासंघ शाखा कार्यालयहरुलाई विगतदेखि नै मन्त्रालयले सहयोग गर्दै आइरहेको बताउनुहुँदै आगामी दिनहरुमा समेत सहयोगलाई निरन्तरता दिइने बताउनुभयो। कार्यक्रममा आम सञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले पत्रकारिता क्षेत्रमा अध्ययन, अनुसन्धान लगायतका क्षेत्रमा काम गर्न र अध्ययन गर्न इच्छुकहरुको लागि मधेश प्रदेशका चार पत्रकारको नाममा छात्रवृत्ति कोष स्थापना गरिने बताउनुभयो। उहाँले मधेश प्रदेश मिडिया काउन्सिलका पूर्व अध्यक्ष शिवहरी भट्टराई, वरिष्ठ पत्रकार राजेश्वर नेपाली, महिला पत्रकार उमा सिंह, बाराका पत्रकार विरेन्द्र साहको नाममा छात्रवृत्ति स्थापना गरिने जानकारी दिनुभयो।





GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence




# जनताको सुविधाहरूमा बाधा बनेको ठाउँमा संविधान संशोधन गर्नुपर्छ




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ पौष**

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् भंग गरेर ०८७ सम्म सरकारमा बस्ने चाहना राखेको हुनसक्ने आशंका व्यक्त गरेका छन्।

सिंहदरबारमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालसँगको भेटपछि बाहिरिने क्रममा सञ्चारकर्मीहरूसँग कुरा गर्दै नेपालले यस्तो बताएका हुन्। अध्यक्ष नेपालले संविधान संशोधनबाट वर्तमान प्रधानमन्त्री पछि हटेको भन्नेकुरा सुनेको भन्दै जनताको सुविधाहरूमा बाधा बनेको ठाउँमा संविधान संशोधन गर्नुपर्ने बताए।

'संविधान संशोधनको कुराबाट वर्तमान सरकारका प्रधानमन्त्री पछि हट्नुभयो भन्ने आइरहेको छ। कति साँचो हो होइन थाहा भएन। २०८७ सम्म बस्ने उहाँको चाहना होला। अब हेरौं। ०८७ सम्म चुनाव नै नगरी बस्ने हो कि त्यसमा पनि मान्छेले प्रश्न खडा गर्दछन्। संसद् नै भंग गर्ने मान्छेले संसद् भंग गरेर ठेलेको ठेलेकै गरेर अर्को ६ वर्ष बसौंला भन्ने सोच्नुभएको छ कि थाहा भएन,' उनले भने।

प्रधानमन्त्री ओलीले मंगलबार पार्टी केन्द्रीय समितिको समापन गर्ने क्रममा २०८७ सालमा मात्रै संविधान संशोधन हुन्छ भनेका थिए। प्रधानमन्त्री ओलीको उक्त भनाइप्रति कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मालगायतले समेत आपत्ति जनाएका छन्। अध्यक्ष नेपालले अध्यक्ष दाहालसँगको बैठकमा भने समाजवादी मोर्चालाई पुनः सक्रिय बनाउनेबारेमा छलफल भएको बताए। 'समाजवादी मोर्चालाई कसरी फेरि पुनःजागृत गर्ने, पुनः क्रियाशिल बनाउने भन्ने विषयमा नै केन्द्रित थियो।

यसका लागि हामीले माघ २ गते समाजवादी मोर्चामा भएका ४ घटकहरु, नेकपा (एकीकृत समाजवादी), माओवादी, विप्लवको पार्टी र महिन्द्र राय यादवजीको नेपाल समाजवादी पार्टीसँग सल्लाह गर्छौं। समाजवादी मोर्चालाई हामीले क्रियाशील बनाउँछौं,' उनले भने।

# उसले छाडेर गएको किताब

*उसले एकदिन आएर*
*मेरो हातमा एउटा किताब थमायो*
*मुसुक्क हाँस्दै,*
*पढ्नु है भनेर गयो।*
*त्यो गुलावी गाथा भएको किताब*
*पहिलो पानामा लेखिएको थियो*
*मेरी प्यारी उनीको सम्झनामा।*
*किताबको पहिलो अंशमा थिए*
*कविताहरु*
*सबै उसको प्यारी उनीको बारे लेखिएको।*
*उनको चम्किलो मुहार,*
*उनको मधुरो हासो,*
*उनको गाजलु आँखा र*
*उनले गाउने भाकाहरुको*
*बयानले भरिएको।*
*किताबको दोस्रो अंशमा थिए*
*निबन्धहरु*
*यी पनि सबै उनकै नामको।*
*उनी खुसी हुँदा गर्ने हर्कतदेखि*
*दुःखी हुँदा आँसु झार्दै*
*खाना खाने बानीसम्म,*
*रिसाउँदा आँखा तर्दै हेर्नेदेखि*
*उनको मनपर्ने गीत आँउदाको उत्साहसम्म,*
*सबैको व्याख्यात्मक टिप्पणीले भरिएको।*
*तेस्रो अंशमा समेटिएका थिए*
*कथाहरु*
*यिनमा पनि थिए उनकै गाथाहरु*
*तर कथाहरुमा भने पात्र थिए*
*दुई उनी र उ।*
*जसमा कल्पना गरिएको थियो,*
*रोमान्चक यात्राहरुको*
*एक अर्काको साथ।*
*किताबको अन्तिम पाना*
*पल्टाउदै गर्दा*
*मनमा अनेक भावनाहरु खेल्न थाले,*
*कति रमाइलो हुन्थ्यो*
*यदि उसले यो किताब*
*उसको उनीलाई दिन सकेको भए।*
*वा*
*परिस्तिथि बेग्लै हुन्थ्यो,*
*मैले आफ्नो भावना*
*उ समक्ष राख्न सकेको भए।*

# प्रहरीद्वारा दुई गाडी नियन्त्रणमा



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २६ पौष**

कीटनाशक औषधि बोकेको पिकअप गाडी र गहुँ बोकेको ट्याक्टर रौतहट प्रहरीले बरामद गरेको छ। बिलबिजक र सामान फरक रहेको भन्दै प्रहरीले दुवै गाडी नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय गौरबाट गएराती गएको गस्ती टोलीले सिया पैलेस होटल अगाडी गहुँ बोकेको ना२ त १६५० नम्बरको ट्याक्टर, किटनाशक औषधि बोकेको ना २ त ७७६१ नम्बरको पिक अप शङ्का लागेर चेकजाँच गर्दा बिलबिजक र सामानमा फरक देखिएको जिल्ला प्रहरीका सहप्रवक्ता इन्स्पेक्टर उमाशंकर प्रसादले बताएका छन्।

बरामद कीटनाशक औषधि सहितको पिक अप, गहुँ सहितको ट्याक्टर र गौर नगरपालिका ५ का ट्याक्टर चालक वर्ष ४५ को सञ्जीव यादव, पिक अप चालक सोही ठाउँका वर्ष ३० को सुनिल यादव लाई आवश्यक अनुसन्धानको लागि आज आन्तरिक राजश्व कार्यालय बारा पथलैया पठाइएको जिल्ला प्रहरी कार्यालय रौतहटको सूचनामा उल्लेख गरिएको छ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
– नाता कायम गर्न सजिलो पर्ने।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने।
– आवासको व्यवस्था गर्न सजिलो हुने।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: लामो यात्राको योग छ
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: खानपानमा समस्या आउने
तुला: मनमा पछुतो आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: आम्दानी हुने
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: शुभ कार्यको शुरुवात
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# पुटिनसँग भेटवार्ताको चाँजोपाँजो मिलाउँदै ट्रम्प

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ पौष



अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच भेटवार्ता गर्न चाहेको बताएका छन् । सन् २०२२ को फेब्रुअरीदेखि रूसी आक्रमणको चपेटामा परेको युक्रेनमा शान्ति स्थापना गर्ने आफ्नो अभियानका क्रममा प्रतिबद्धता जनाएपछि उनले पदभार ग्रहण गर्नुभन्दा डेढ हप्ताअघि यस्तो अभिव्यक्ति दिएका हुन् ।

फ्लोरिडाको पाम बीचस्थित मार-ए-लागो रिसोर्टमा रिपब्लिकन गभर्नरहरूसँगको भेटमा ट्रम्पले भने, "उहाँ भेट्न चाहनुहुन्छ र हामी यसका लागि बन्दोबस्त गर्दैछौं ।" उनले भने, "राष्ट्रपति पुटिनले भेट्न चाहेको कुरा सार्वजनिक रूपमा पनि बताउनुभएको छ । हामीले रूस-युक्रेन युद्ध अन्त्य गर्नुपर्छ ।

यो एक रक्तरञ्जित घटना हो ।" ट्रम्पले युद्धविराम वा शान्ति सम्झौताका लागि कुनै ठोस प्रस्ताव सार्वजनिक गरेका छैनन् तर संयुक्त राज्य अमेरिकाले किएभलाई पठाएको ठूलो परिमाणको सैन्य सहायताको बारम्बार आलोचना गर्दै आएका छन् । ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई 'सेल्समयान' को रूपमा खिल्ली उडाउँदै आएका छन् भने पुटिनको विरलै आलोचना गर्ने र कहिलेकाहीँ प्रशंसासमेत गर्ने गरेका छन् । राष्ट्रपति जो बाइडेनको नेतृत्वमा युक्रेनलाई पठाइएको ठूलो सैन्य सहायताको आलोचना गर्नुका साथै ट्रम्पले पश्चिमी सैन्य गठबन्धन नेटोमा अमेरिकाको निरन्तर संलग्नतामाथि शङ्का व्यक्त गरेका छन् ।

# अमेरिकी डलर र युरो स्थिर रहँदा अन्य विदेशी मुद्राको मूल्य घटबढ



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ पौष

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकले निर्धारण गरेको दरअनुसार आज अमेरिकी डलर र युरोपियन युरोको मूल्य स्थिर रहेको छ ।

यस्तै, सिङ्गापुर डलर, जापानी येन, थाई भाट, साउथ कोरियन वन, स्वीडिस क्रोनर, कुवेती दिनार, बहराइन दिनारको मूल्य भने बढेको छ । युके पाउन्ड स्टर्लिङ, स्वीस फ्याङ्क, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, कतारी रियालको मूल्य घटेको छ । विनिमयदर अनुसार, अमेरिकी डलर एकको खरिदर एक सय ३७ रूपैयाँ ०६ पैसा र बिक्रीदर एक सय ३७ रूपैयाँ ६६ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिदर एक सय ४१ रूपैयाँ १८ पैसा र बिक्रीदर एक सय ४१ रूपैयाँ ८० पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिदर एक सय ६८ रूपैयाँ ३९ पैसा र बिक्रीदर एक सय ६९ रूपैयाँ १२ पैसा, स्वीस फ्याङ्क एकको खरिदर एक सय ५० रूपैयाँ २२ पैसा र बिक्रीदर एक सय ५० रूपैयाँ ८८ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिदर ८४ रूपैयाँ ९३ पैसा र बिक्रीदर ८५ रूपैयाँ ३० पैसा, क्यानेडियन डलर एकको खरिदर ९५ रूपैयाँ २४ पैसा र बिक्रीदर ९५ रूपैयाँ ६६ पैसा, सिङ्गापुर डलर एकको खरिदर एक सय रूपैयाँ १३ पैसा र बिक्रीदर एक सय रूपैयाँ ५७ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिदर आठ रूपैयाँ ६८ पैसा र बिक्रीदर आठ रूपैयाँ ७२ पैसा, चिनियाँ युआन एकको खरिदर १८ रूपैयाँ ६९ पैसा र बिक्रीदर १८ रूपैयाँ ७७ पैसा, साउदी अरेबियन रियाल एकको खरिदर ३६ रूपैयाँ ५१ पैसा र बिक्रीदर ३६ रूपैयाँ ६७ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ५९ पैसा र बिक्रीदर ३७ रूपैयाँ ७६ पैसा कायम भएको छ ।

# फ्राइडे रिलिजः 'कार्साङ' भर्सेज 'गेम चेन्जर'

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ पौष



शुक्रवारबाट फिल्म हलमा एक हिन्दी सहित दुई नयाँ फिल्म प्रदर्शनमा आएका छन् । फिल्म हुन् 'कार्साङ' र 'गेम चेन्जर' । 'कार्साङ' नेपाली फिल्म हो, भने 'गेम चेन्जर' भारतीय फिल्म हो । दुवै फिल्म देशभर प्रदर्शनमा आएको हो ।

यी मध्ये शो र हल धेरै नेपाली फिल्म 'कार्साङ' ले पाएको छ । यद्यपि देशभका फिल्म हल यी दुई फिल्मले कब्जा जमाउन पाएका छैनन् । किनभने यस अगाडि रिलिज भएका नेपाली 'पूर्णबहादुरको सारङ्गी', हिन्दी 'पुष्पा २' र अङ्ग्रेजी फिल्म 'मुफासा' ले अझै केही स्टेशनमा कब्जा जमाएर बसेको छ । अभिनेता दयाहाङ राईको मुख्य भूमिका रहेको फिल्म हो 'कार्साङ' । वर्षमा धेरै फिल्म रिलिज हुने अभिनेता दयाहाङको कुनै बेला एउटै मितिमा दुई फिल्मसम्म रिलिज भए । गत मात्र उनका ९ वटा फिल्म रिलिज भए । कति महिनैपिच्छे आए त कति एउटै मितिमा पनि । 'कार्साङ' भने ६ महिनामा आएको हो । गत असार २८ गते प्रदर्शन भएको 'घरज्वाइँ' पछि उनका कुनै फिल्म आएका थिएनन् ।

शेर्पा समुदायको संस्कृति र परम्परामा आधारित भएर बनेको फिल्मले अभाव र दुःखसँग जुधिरहेको एक परिवारले आफ्नो संस्कार जोगाउन गरेको सङ्घर्षको कथा भन्छ । फिल्ममा दयाहाङ शेर्पा समुदायको झाँक्रीको भूमिकामा छन् । उनकी श्रीमतीको भूमिकामा सिर्जना निडलेखुले अभिनय गरेकी छन् । सिर्जनाको यो पहिलो फिल्म हो । यम शेर्पाको लेखन तथा निर्देशन रहेको फिल्ममा दयाहाङ र सिर्जनको अलवा जितु नेपाल, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, सुरवीर पण्डित लगायतको पनि अभिनय छ ।

फिल्मको निर्माता तथा छायाकारमा पुरुषोत्तम प्रधान हुन् । बुधवार साँझ काठमाडौंमा गरिएको प्रिमियरमा फिल्मले उत्साहजनक प्रतिक्रिया प्राप्त गरेको थियो ।

# रियल मड्रिड स्पेनिस सुपर कपको फाइनलमा, उपाधिका लागि बार्सिलोनासँग खेल्ने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ पौष



साविक विजेता रियल मड्रिड स्पेनिस सुपर कप फुटबलको फाइनलमा प्रवेश गरेको छ । गएराति भएको सेमिफाइनलमा मालोर्कालाई हराउँदै रियलले चिरपरिचित प्रतिद्वन्द्वी बार्सिलोनासँगको उपाधि भिडन्त पक्का गरेको हो । रियलले मालोर्कालाई ३-० गोलअन्तरले हरायो ।

रियलका लागि जुड बेलिङ्हाम र रोड्रिगोले एक-एक गोल गरे भने एक गोल आत्मघाती भयो । सबै गोल दोस्रो हाफमा हुँदा अन्तिम दुई गोल भने इन्जुरी समयका थिए । ६३औं मिनेटमा बेलिङ्हामले गोल गर्दै रियललाई अग्रता दिलाएका थिए । इन्जुरी समयको दोस्रो मिनेटमा भालेन्टबाट आत्मघाती गोल भयो । इन्जुरी समयको पाँचौं मिनेटमा रोड्रिगोले गोल गर्दै रियलको ३-० को जित पक्का गरे । सुपर कपको उपाधिका लागि अब क्लासिक भिडन्त हुनेछ । बार्सिलोना र रियल मड्रिडले उपाधिका लागि जनवरी १३ मा खेल्ने छन् । सुपर कपको उपाधि बार्सिलोनाले सर्वाधिक १४ पटक जितेको छ भने रियल मड्रिडले १३ पटक जितेको छ । पछिल्लोपटक बार्सिलोनाले सन् २०२३ मा तथा रियलले २०२४ मा जितेका थिए ।



भंगहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल



सोनमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# राजनीतिक नेतृत्वको उपार्जन के हो ?

-ठूला दल आर्थिक उत्पादनमा जोडिएका छैनन्, नेताको आर्थिक उत्पादनको स्रोत छैन, यसले स्पष्ट हुन्छ, दल नेतृत्वको जीविकाको स्रोत दलाल र बिचौलियाले दिने कमिसन नै हो । संघीयतालाई बलियो बनाउने, उत्पीडित जातजाति, भाषा, संस्कृति र सभ्यताको अपेक्षालाई सम्बोधन गर्ने र सीमान्तीकृत समुदायको सामाजिक न्यायको अपेक्षाप्रति राजनीतिक नेतृत्वमा कुनै किसिमको प्रतिबद्धता देखिँदैन ।

हिजोआज यात्रा, छलफल, चियागफ, भेला जताततै मानिसमा राजनीतिक नेताप्रति तीव्र आक्रोश देखिन्छ, सुनिन्छ । विशेषगरी ठूला राजनीतिक पार्टीका मुख्य नेतासँग जनताको असन्तुष्टि, आक्रोश र वितृष्णा छ । धेरैको आशय एउटै छ, यी ठूला नेताबाट आशा गर्न सकिँदैन । जनताका समस्या र सरोकार यिनले सम्बोधन गर्न सक्दैनन् । यस्ता टिप्पणी जनताबाट मात्रै होइन, पार्टी राजनीतिमा सक्रिय नेता/कार्यकर्ताबाट पनि आउने गर्छ । अझ कतिपय अवस्थामा राजनीतिक पार्टीका नेतादेखि बहालवाला प्रधानमन्त्री र मन्त्रीविरुद्ध सार्वजनिक कार्यक्रममा नारा लाग्ने र भौतिक आक्रमणको प्रयाससमेत हुने गरेका छन् । यस्तो राजनीतिक परिवेश निर्माण हुनुमा सबैभन्दा बढी कसैको भूमिका छ भने त्यो राजनीतिक पार्टी र नेतृत्वकै छ । नेपालको राजनीतिक रूपान्तरणका लागि नेपालका कम्युनिस्ट र लोकतान्त्रिक राजनीतिक पार्टीको निकै ठूलो भूमिका रहेको छ । निरङ्कुश राणा शासनविरुद्ध २००७ सालमा भएको क्रान्तिलाई सफल बनाउन, निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गर्न र सशस्त्र जनयुद्ध र २०६२/६३ को जनआन्दोलन मार्फत सामन्ती राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ल्याउन अहिलेका प्रमुख राजनीतिक पार्टीको भूमिका महत्त्वपूर्ण छ ।

करिब छ दशकभन्दा लामो कठिन संघर्षबाट राजनीतिक पार्टी र तिनको नेतृत्वले नै लोकतान्त्रिक राजनीतिक व्यवस्था ल्याएका हुन् । तिनै राजनीतिक पार्टीको नेतृत्वमा सयौं नेता/कार्यकर्ता तथा जनताले गरेको संघर्ष र बलिदानीबाट यो राजनीतिक व्यवस्था स्थापित भएको हो अर्थात् अहिलेको लोकतान्त्रिक राजनीतिक व्यवस्था यिनै राजनीतिक पार्टी र नेतृत्वको संघर्षको परिणाम हो । नेपालमा लोकतान्त्रिक व्यवस्था ल्याउन राजनीतिक नेतृत्वले खेलेको भूमिका निकै महत्त्वपूर्ण छ । तर, राज्यव्यवस्थाको रूपान्तरणका लागि ऐतिहासिक भूमिका निर्वाह गरेका राजनीतिक नेतृत्वले विगतको योगदानको साख जोगाउन धौधौ पर्ने स्थिति सिर्जना भएको छ । विगतमा जे जति योगदान गरेको भए पनि जनतालाई यस्तो लागिसकेको छ कि, ठूला दलका प्रमुख नेतृत्व 'देश र जनताका लागि घाँडो' भइसके ।

यो नेतृत्वले देशले भोगिरहेको गम्भीर आर्थिक-राजनीतिक संकटको समाधान गर्न सक्दैनन् भन्ने भाष्य जबरजस्त स्थापित हुँदै गइरहेको छ । यो किन पनि गम्भीर सवाल हो भने राजनीतिक दल र नेतृत्व असफल हुँदा त्यसको गम्भीर असर आमनेपाली जनतालाई परिरहेको छ । त्यसैले नयाँ राजनीतिक क्षितिजको सपना देख्नका लागि पनि वर्तमान असफल राजनीतिक नेतृत्वको विचार, दृष्टिकोण, संस्कृति र व्यवहारको आलोचनात्मक विश्लेषण आवश्यक छ । **गैरजिम्मेवारीको पराकाष्ठा** देश राजनीतिक, आर्थिक संकटमा छ । अराजकता झन्-झन् बढ्दो छ । समग्रमा जनताको जीवन कष्टकर बन्दै गइरहेको छ । जिम्मेवार र इमानदार राजनीतिक पार्टी र नेतृत्वले मात्रै देश र जनतालाई



अप्ठ्यारो परिस्थितिबाट पार लगाउन सक्छ । तर, नेपालका ठूला राजनीतिक दल र तिनको नेतृत्व गम्भीर राजनीतिक संकटलाई सम्बोधन गर्ने जिम्मेवारी बहन गर्ने दिशामा उन्मुख छैनन् ।

यी पार्टी निर्माणमा नेपाली जनताले निकै ठूलो संघर्ष, त्याग र बलिदानी दिएका छन् । राजनीतिक पार्टीलाई जनताले दिएकै साथ र संघर्षको परिणाम हो, संघीय लोकतान्त्रिक गणतन्त्र । तर, अप्ठ्यारो परिस्थितिबाट देशलाई पार लगाउनुपर्ने राजनीतिक पार्टी र नेतृत्व गैरजिम्मेवार भइदिँदा नेपाली जनताले झन्-झन् सास्ती खेप्नुपर्ने अवस्था सिर्जना भइरहेको छ । राजनीतिक पार्टीको मियो वैचारिक दृष्टिकोण नै हो । देशको संकटको गम्भीरता पहिचान गर्ने, कारण खोतल्ने समाधानका विधि तय गर्ने वा रणनीतिक कार्ययोजना बनाउने काम मूलतः सैद्धान्तिक र वैचारिक दृष्टिकोणमै निर्भर रहन्छ । ठोस वैचारिक दृष्टिकोणबिना राष्ट्रिय संकट समाधान गर्ने विधि बन्न सक्दैन । देशको अर्थतन्त्र वैदेशिक ऋण र रेमिट्यान्सले धानिएको छ । बेरोजगारीका कारण ठूलो जनशक्ति विदेशिएको छ । विकृत पुँजीवादी व्यवस्थाले जनताको दैनिक जीवन झन्-झन् कष्टकर बनाइरहेको छ । यस्ता बहुआयामिक संकट समाधानतर्फ नेपालका राजनीतिक पार्टी र तिनको मुख्य नेतृत्वमा कुनै ध्यान छैन । देश र जनताले भोगिरहेका यावत् चुनौती समाधान गर्ने कुनै विचार र दृष्टिकोण छैन ।

राजनीतिक नेतृत्वको सम्पूर्ण ध्यान सत्तादेखि सत्तासम्म मात्रै छ । स्वाभाविक रूपमा राजनीतिको लक्ष्य सत्तामा पुग्नु हो, तर मूल प्रश्न सत्ता केका लागि वा सत्ता प्राप्तिको उद्देश्य के हो ? जनताको हितका लागि कि शक्तिको अभ्यासका लागि ? वर्तमान सत्ता साझेदार कांग्रेसका सभापति शेरबहादुर देउवा ५ पटक र एमालेका अध्यक्ष केपी शर्मा ओली चार पटक प्रधानमन्त्री भए । तिनले देशको समग्र आर्थिक, सामाजिक रूपान्तरण, सामाजिक अन्तरविरोधको समाधान र राज्यको बेथिति अन्त्यका लागि काम गरेका कुनै ठोस उदाहरण छैनन् । तिनमा जनताको समस्या, आवश्यकता र सरोकारप्रति कुनै चिन्ता र चासो छैन । नेपालको राज्यसत्ताको नेतृत्व पटक-पटक असफल भइसकेका नेताको अखडा बन्न पुगेको छ, यस्तो नेतृत्वबाट देशको प्रगति सम्भव छैन । सर्वसत्तावाद राजनीतिक नेतृत्वको अर्को समस्या हो । यस्तो विचारको नेताले आफ्नो देवत्वकरण र विरोधीलाई दानवीकरण गर्छ ।

*साभार : कान्तिपुर ।*













प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday